☎०८७-६८००३३
६८०१३६
फ्याक्सः ०८७-६८००३४

नेपाल सरकार
# गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
सिमकोट, हुम्ला

**विद्युतीय तथा प्रविधिमैत्री 'फेसलेस' (Faceless) सेवा प्रवाह सम्बन्धी अत्यन्त जरुरी सूचना।**

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ ले परिलक्षित गरेको जनमुखी प्रशासनको मर्म र नेपाल सरकार, मन्त्रीपरिषद्को मिति २०८२।१२।१३ को बैठकबाट स्वीकृत शासकीय सुधार सम्बन्धी एक सय कार्यसूचीहरु तथा गृह मन्त्रालयको निर्देशनबमोजिम सर्वसाधारण सेवाग्राहीहरूको समय, श्रम र यातायात खर्च कटौती गर्दै यस जिल्ला प्रशासन कार्यालयबाट प्रदान गरिने सेवाहरूलाई थप छरितो, पारदर्शी, मितव्ययी र प्रविधिमैत्री बनाउन यो सूचना जारी गरिएको छ। यस कार्यालयमा भौतिक रूपमा उपस्थित भई लाइन बस्नुपर्ने बाध्यताको अन्त्य गर्दै अब देहायबमोजिमका सेवाहरू **'फेसलेस' (Faceless Service)** माध्यमबाट प्रदान गरिने व्यवस्था आज मिति २०८३।०६।२९ गतेबाट मिलाइएको बेहोरा सरोकारवाला सबैमा सूचित गरिन्छ।

<u>विद्युतीय माध्यमबाट उपलब्ध गराइने सेवाहरुः</u>

१. दलित, जनजाति तथा खस-आर्य प्रमाणित गर्ने सिफारिस।
२. थर प्रमाणित गर्ने सिफारिस।
३. फैसला/निर्णयको प्रमाणित प्रतिलिपी (सम्बन्धित व्यक्ति वा कानुनबमोजिमका आधिकारीक हकवालालाई मात्र)।
४. परम्परागत रूपमा सञ्चालन हुने धार्मिक तथा सांस्कृतिक पर्व, जात्रा, उत्सव, मेला आदि सञ्चालन अनुमति तथा शान्ति सुरक्षा प्रदान गर्ने सम्बन्धित सेवाहरू।

<u>सेवा लिन आवश्यक पर्ने कागजातहरू:</u>

| क्र.स. | सेवा | आवश्यक कागजात |
|---|---|---|
| १ र २ | दलित, जनजाति तथा खस-आर्य प्रमाणित गर्ने सिफारिस | सम्बन्धित व्यक्तिको निवेदन, थर प्रमाणित गर्ने सिफारिस सम्बन्धित स्थानीय तह (गाउँपालिका/वडा कार्यालय)को सिफारिस पत्र, निवेदकको नागरिकता प्रमाणपत्र वा जन्मदर्ताको प्रमाणित प्रतिलिपी। |
| ३ | फैसला/निर्णयको प्रमाणित प्रतिलिपी | सम्बन्धित मुद्दा वा निर्णय खुल्ने स्पष्ट निवेदन, निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी, कानुनबमोजिम हकवाला प्रमाणित गर्ने वैध कागजात। |
| ४ | धार्मिक तथा सांस्कृतिक पर्व, जात्रा, उत्सव, मेला आदि सञ्चालन अनुमति तथा शान्ति सुरक्षा सम्बन्धी। | स्थानीय तह वा वडा कार्यालयको सिफारिससहित कार्यक्रमको उद्देश्य, आयोजकको आधिकारिक विवरण, सहभागी अनुमानित संख्या र समय खुल्ने विधिवत निवेदन/पत्र। |

२०८३।०६।२९
सहायक प्रमुख जिल्ला अधिकारी

☎ ०८७-६८००३३
६८०१३६
फ्याक्स: ०८७-६८००३४

नेपाल सरकार

# गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
सिमकोट, हुम्ला

**सेवा प्राप्त गर्ने आधिकारिक माध्यमहरू तथा प्रक्रिया:**

**आधिकारिक इमेल ठेगानाहरू: daohumla009@gmail.com / humladao@gmail.com**

प्रक्रिया:

१। निवेदकले उपर्युक्त आधिकारिक माध्यमबाट निवेदन पेस गर्नुपर्नेछ।

२। निवेदनसाथ आवश्यक कागजातहरू संलग्न गर्नुपर्नेछ।

३। इमेल वा अनलाइनमार्फत निवेदन पेस गर्दा निवेदकले आफ्नो अनिवार्य सम्पर्क फोन नम्बर, पूरा नाम र स्पष्ट पत्राचार गर्ने ठेगाना उल्लेख गर्नुपर्नेछ।

४। अपूर्ण कागजात वा विवरण भएका निवेदनहरू स्वतः बदर हुनेछन्।

५। कागजातको सत्यताको सम्पूर्ण जिम्मेवारी निवेदक स्वयम्को हुनेछ।

............................

चन्द्रविर शाही

सहायक प्रमुख जिल्ला अधिकारी